कार्यपालिका बैठक संख्या :- ७९
बैठक मिति :- २०७७०१।०८
अध्यक्षता: नगर प्रमुख श्री द्वारिकलाल चौधरी

निर्णय नं. १

इटहरी उपमहानगरपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धित मापदण्ड, २०७६ को दफा ५ मा उल्लेख भए बमोजिमको दोश्रो चरणको राहत सामाग्री वितरण गर्न सोही मापदण्डको अनुसूची १ बमोजिमको फाराम वडा कार्यालयबाट प्रमाणित गरी सो को विवरण नगर कार्यपालिका समक्ष अनुमोदनका लागि पेश गर्नु पर्ने निर्णय गरियो ।

निर्णय नं. २

इटहरी उपमहानगरपालिकाबाट इटहरी उपमहानगरपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड, २०७६ को दफा ५ बमोजिमको दोश्रो चरणको राहत वितरण गर्नका लागि सम्बन्धित वडा समितिबाट निर्णयभएको पदाधिकारी वा कर्मचारीहरुलाई नगरपालिकाबाट पेश्की उपलब्ध गराई वडा कार्यालय बाट ३ दिनको सार्वजनिक सुचना प्रकाशित गरी आपुर्तिकर्ताहरु बाट दर रेट माग गरी सवै भन्दा न्यून दर रेट कवोल गर्ने आपुर्ति कर्ताबाट वडा समितिले सामाग्री खरिद गरी वितरण गर्ने निर्णय गरियो ।